**बहुराष्ट्रिय संस्थाका पूर्व कर्मचारी समाज (FIPMO)**

**प्रेस विज्ञप्ति**

**रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीप्रति दुःख, ऐक्यबद्धता तथा सहयोगको प्रतिबद्धता**

**मितिः २०८३ भाद्र ११ गते**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति बहुराष्ट्रिय संस्थाका पूर्व कर्मचारी समाज (FIPMO) गहिरो दुःख व्यक्त गर्दछ। यस विपद्मा ज्यान गुमाउनुहुनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। FIPMO यस कठिन समयमा प्रभावित परिवार तथा समुदायहरूसँग पूर्ण ऐक्यबद्धता व्यक्त गर्दछ।

खोज, उद्धार, राहत तथा अत्यावश्यक सेवा प्रवाहमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, स्वयंसेवक, मानवीय सहायता संस्था तथा स्थानीय समुदायबाट भइरहेको तदारुकतापूर्ण प्रयासको FIPMO उच्च प्रशंसा गर्दछ। साथै, प्रभावित समुदायको आवश्यकता पहिचान गरी समन्वयात्मक र प्रभावकारी रूपमा मानवीय सहायता परिचालन गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ।

यस समाजका सदस्यहरू संयुक्त राष्ट्रसंघ, विश्व बैंक, एसियाली विकास बैंक तथा अन्य राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरूमा लामो समय कार्य गरेका अनुभवी व्यक्तिहरु भएकाले तत्कालीन आपत्कालीन मानवीय सहयोगदेखि पुनर्स्थापना तथा पुनर्निर्माणसम्मका कार्यमा नेपाल सरकार, स्थानीय तह, समुदाय तथा विकास साझेदारहरूसँग सहकार्य गर्न प्रतिबद्ध छ। प्रभावित समुदायको जीवन र जीविकोपार्जनको पुनःस्थापना तथा सुरक्षित र उत्थानशील पुनर्निर्माणका लागि FIPMO आफ्नो ज्ञान, अनुभव र सञ्जाल परिचालन गर्न तयार रहेको छ।

**बहुराष्ट्रिय संस्थाका पूर्व कर्मचारी समाज (FIPMO)**

**काठमाडौं, नेपाल**

Samjhana Shrestha
Chairperson, FIPMO